**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ३० नोभेम्बर २०२३

समयः १८:५० – १६:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले ६ दिसम्बरमा नयाँ दिल्लीको भारत मण्डपममा तीन दिवसीय अष्टलक्ष्मी महोत्सव २०२४ को उद्घाटन गर्नुहुनेछ।

२. केन्द्र सरकारले पश्चिम बंगाललाई प्रधानमन्त्री आवास योजना पी.एम.वाई अन्तर्गत १ हजार ४ सय करोड़ रुपियाँ जारी गरेको छ।

३. बांग्लादेशमा अल्पसंख्यक हिन्दूहरूमाथि भइरहेको अत्याचार र भारतीय ध्वजको अपमानको विरोधमा कलकताको जे. एन राय अस्पतालले बांग्लादेशी बिरामीहरूको उपचार नगर्ने निर्णय लिएको छ।

४. गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अन्तर्गत यसपालि उच्च-माध्यमिक परीक्षाको केन्द्रहरूको संख्या बढ़ाएर १२ गरिएको छ भने कुल उप-केन्द्रहरू ४७ वटा बनाइएको छ।

५. सिलगढ़ीबाट गान्तोकतर्फ गइरहेको एउटा यात्री वाहक बस रम्फू पुल नजिक दुर्घटनामा परेको समाचार छ।

**अष्टलक्ष्मी महोत्सव**

प्रधानमन्त्री नरेन्द्र मोदीले ६ दिसम्बरमा नयाँ दिल्लीको भारत मण्डपममा तीन दिवसीय अष्टलक्ष्मी महोत्सव २०२४ को उद्घाटन गर्नुहुनेछ। यस महोत्सवमा पूर्वोत्तरका सबै आठ राज्यहरू- अरूणाचल प्रदेश, असम, मणिपुर, मेघालय, मिजोरम, नागाल्याण्ड अनि त्रिपुरा तथा सिक्किमका सांस्कृतिक, प्राकृतिक अनि शिल्प सम्पदाको प्रदर्शन गरिनेछ। हिज नयाँ दिल्लीमा एक संवाददाता सम्मेलनलाई सम्बोधित गर्नुहुँदै पूर्वोत्तर क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले भन्नुभयो- यो आयोजन पूर्वोत्तर भारत अनि देशको अन्य भागहरू बीच सांस्कृतिक सेतु बन्नेछ अनि आर्थिक गतिविधिहरूलाई जोड़ मिल्नेछ। हाम्रो संवाददाताले बताए अनुसार महोत्सवमा सांस्कृतिक कार्यक्रम, शिल्पकलाको जीवन्त प्रदर्शन, तकनिकी सत्र, क्रेता-विक्रेता बैठकहरू अनि निवेश सम्मेलन आयोजित गरिनेछ।

****** ० ******

**प्रधानमन्त्री आवास योजना**

केन्द्र सरकारले हिज पश्चिम बंगाललाई प्रधानमन्त्री आवास योजना (पीएमएवाई) अन्तर्गत १४०० करोड़ रुपियाँ जारी गरेको छ । एक दिनअघि नै राज्यको तृणमूल कंग्रेस सरकारले विधानसभामा केन्द्रमाथि विभिन्न योजनाहरू अन्तर्गत धन रोकेको आरोप लगाएको थियो। पश्चिम बंगाल विधानसभाको शीतकालीन सत्रको पाँचौं दिन हिज शुक्रवार तृणमूल कंग्रेसका विधायकहरूले केन्द्र सरकारमाथि वित्तीय भेदभावको आरोप लगाउँदै प्रस्ताव पेश गरेका थिए। राज्य सरकारको सूत्र अनुसारए पीएम आवास योजना अन्तर्गत केन्द्रिय फण्ड अन्तिम पटक वर्ष २०२२.मा जारी भएको थियो। त्यसपछिदेखि योजनामा आवन्टनलाई लिएर अनियमितताको आरोप लागेको छ। गत महिना राज्यका विभिन्न भागहरूमा योजना अन्तर्गत घरहरूको आवन्टनलाई लिएर प्रदर्शन भएको थियो। हिज विधानसभामा विपक्षका नेता शुभेन्दु अधिकारीले तृणमूल कंग्रेस र राज्य सरकारमाथि पीएम आवास योजना अन्तर्गत घरहरूको आवन्टनमा व्यापक भ्रष्टाचार गरिएको आरोप लगाउनु भयो। पीएम आवास योजना अन्तर्गत खर्चको ६० प्रतिशत भाग केन्द्र सरकारले अनि ४० प्रतिशत राज्य सरकारले बहन गर्दछ। गत अक्टोबरमा उत्तर २४ परगना जिल्लाको पेट्रापोलमा नयाँ यात्री टर्मिनल भवन तथा मैत्री द्वारको उद्घाटन अवधि गृहमन्त्री अमित शाहले पनि केन्द्रका योजनाहरूमा वित्तीय अनियमितताहरू भएको आरोप लगाउनु भएको थियो ।

****** ० ******

**लक्ष्मी भण्डार योजना**

पश्चिम बंगाल सरकारको लक्ष्मी भण्डार योजना अन्तर्गत पॉच लाख सात हजार नयॉ लाभार्थीहरूलाई सामेल गरिएको छ। एक आधिकारीक बयान अनुसार यस वर्ष जूनसम्म राज्यमा २ करोड़ १५ लाख ८८ हजार ७७५ महिला यस योजना अन्तर्गत

लाभान्वित बनिसकेका छन्। अहिलेसम्म राज्य सरकारले यस योजना अन्तर्गत कुल ₹१३,५२३.८८ करोड़ रूपियॉं खर्च गरेको छ। मुख्यमन्त्री ममता ब्यानर्जीको निर्देशानुसारए चॉंडै यी नयॉं लाभार्थीहरूलाई योजनामा सामेल गरिने छ।उल्लेखनीय छए पश्चिम बंगाल सरकारको लक्ष्मी भण्डार योजनाले राज्य सरकारलाई आफ्नो जनाधार बढाउन निकै मद्दत गरेको छ। मुख्यमन्त्री ब्यानर्जीले धैरै अवसरहरूमा लक्ष्मी भण्डार योजनाकै आधारमा भाजपा शासित सरकारहरूले महिलाहरूलाई वित्तीय लाभ दिन योजना शुरू गरिरहेको दाबी गरेकी छन्।

****** ० ******

**शपथ ग्रहण**

हालैमा सम्पन्न उपचुनाउमा निर्वाचित तृणमूल कंग्रेसका विधायकहरूको शपथ ग्रहण समारोह आगामी सोमवार विधानसभा परिसरमा आयोजना गरिनेछ। सूत्र अनुसार यसपालि शपथ ग्रहणलाई लिएर कुनै प्रकारको विवाद उठ्ने सम्भावना छैन। राज्यपाल डा. सी.वी. आनन्द बोस स्वयं उपस्थित रहेर यी विधायकहरूलाई शपथ दिलाउनु हुनेछ । यस अतिरिक्त मुख्यमन्त्री ममता ब्यनर्जी पनि यस समारोहमा उपस्थित रहनु हुनेछ द्य उल्लेखनीय छए गत १३ नोभेम्बरमा सम्पन्न यी क्षेत्रहरूको उपचुनाउको मत परिणाम २३ नोभेम्बरमा घोषणा भएको थियो। सबै निर्वाचित विधायकहरू सत्ताधारी तृणमूल कंग्रेसका हुन्।

****** ० ******

**जेएन राय अस्पताल**

कोलकाताको मणिकतला क्षेत्रस्थित जेएन राय अस्पतालले बांग्लादेशी बिरामीहरूको उपचार नगर्ने निर्णय लिएको छ। यो निर्णय बांग्लादेशमा अल्पसंख्यक हिन्दूहरूमाथि भइरहेको अत्याचार र भारतीय ध्वजको अपमानको विरोधमा लिइएको हो। अस्पतालका एकजना अधिकारी सुभ्रांशु भक्तले आज यो जानकारी दिएका हुन्। उनले भने, हामीले एउटा अधिसूचना जारी गरेका छौं, जसमा अनिश्चितकालको निम्ति बांग्लादेशी बिरामीहरूलाई उपचारको निम्ति भर्ती नगर्ने कुरा उल्लेख छ। यो निर्णय भारतको तिरंगाको अपमान र बांग्लादेशमा हिन्दूहरू विरुद्ध भइरहेको दुर्व्यवहारको विरोधमा लिइएको हो। उनले अन्य अस्पतालहरूलाई पनि यस कदमको समर्थन गर्न अपील गरे।उल्लेखनीय छए बांग्लादेशमा गत केही वर्षदेखि अल्पसंख्यक हिन्दू समुदायमाथि हमलाका घटनाहरू लगातार रूपमा बढिरहेका छन्। शेख हसीनाको सरकार ढलेपछि मोहम्मद युनूसको नेतृत्वमा बनेको अन्तरिम सरकार स्थितिलाई सम्हाल्न विफल बनेको छ र त्यहॉं अल्पसंख्यक हिन्दूहरूको घरए दोकानए मन्दिरहरूमा लगातार हमला भइरहेका छन्। बांग्लादेशमा २०० भन्दा धैरै हमलाको घटना भएका छन्, जसमा धैरै मानिसहरूको हत्या भएको दाबी गरिएको छ।

****** ० ******

**जीटीए क्षेत्रमा उच्च माध्यमिक सेक्टर**

दार्जीलिङ तथा कालेबुङ जिल्लाको जीटीए क्षेत्रमा यस पालि मुख्य परीक्षा केन्द्रहरूको संख्या बढ़ाएर १२ गरिएको छ भने कुल उपकेन्द्रहरू ४७ वटा बनाइएको छ। यस सम्बन्धमा पश्चिम बंगाल उच्च माध्यमिक परिषदले खरसाङ र कालेबुङमा माध्यमिक परीक्षा तयारी बैठकहरू गरयो। बैठक पछि जीटीएका परीक्षा सम्बन्धित सह-सयोजक डाक्टर मिलन तामाङले पत्रकारहरूलाई बताए कि यस पाली पश्चिम बंगालमा नै माध्यमिक परीक्षा दिने विद्यार्थीहरूले संख्या विगत वर्षको तुलना अढ़ाई लाख जति घटेको छ। यसरी नै जीटीए क्षेत्रमा पनि विगत वर्षको तुलनामा परीक्षार्थी संख्या झण्डै ५ प्रतिशतले घटेर गएको छ। राज्य सरकारको शिक्षा विभाग र परीक्षा बोर्डले राज्यभरि नै परीक्षा केन्द्रहरू घटाउने निर्देश दिएको थियो तर पहाड़मा यातायात र अन्य असुविधाहरूले गर्दा परीक्षा बढ़ाउने अनुमति सरकारले दिएकोले यस पाली दार्जीलिङ जिल्लामा कुल ८ वटा मुख्य परीक्षा केन्द्र र ३२ वटा उप-परीक्षा केन्द्र अनि कालेबुङ जिल्लामा कुल ३ वटा प्रमुख केन्द्र र १५ वटा उप-केन्द्रहरू स्थापित गरिनेछ। उहॉंले पुरानो ढॉंचामा यो अन्तिम माध्यमिक र उच्च माध्यमिक परीक्षा हुने बताए तथा वर्ष २०२५ देखि सिमेस्टर सिस्टममा परीक्षा हुने प्रष्ट गरे। उहॉंले यसपालि पहाड़मा माध्यमिक परीक्षा दिने विद्यार्थीहरूको कुल संख्या ४ हजार ६ सय ६१ रहेको जसमा २ हजार १ सय ९० छात्र र २ हजार ४ सय ७१ छात्राहरू रहेको बताए। माध्यमिक परीक्षा ३ मार्चदेखि आरम्भ भएर १८ मार्च २०२५ सम्म चल्नेछ।

****** ० ******

**पद्मजा नायडू हिमालयन जूलॉजिकल**

हैदराबाद बाट दुई सेता बाघ सितै अन्य प्राणीहरुलाई दार्जिलिंग को पद्मजा नायडू हिमालयन जूलॉजिकल पार्कमा ल्याई पुराएइको छ। राज्य चिड़ियाघर प्राधिकरणका सदस्य सचिव सौरभ चौधरीले यसको जानकारी दिदै बताए कि हैदराबादबाट दार्जिलिंग चिड़ियाघरमा सेतो बाघ अनि एक सुनौलो रंगको स्यालको जोड़ा ल्याइएको छ। नर बाघको उमेर चार

साल अनि मादाको उमेर सात साल रहेको छ। यसको सट्टा रॉयल बंगाल टाइगरको एक जोड़ीए लगायत विभिन्न प्रजातिका डाँफे वा मुनाल चराहरुलाई हैदराबाद चिड़ियाघर पठाइएको छ। यो चिड़ियाघर देश-विदेशका पर्यटकहरुका लागि आकर्षणको केन्द्र रहेको छ। पद्मजा नायडू प्राणी उद्यान अंतर्गत टोपकेदारा प्रजनन केंद्रले हिम चितुवा हिमालयी ब्वासोहरु रातो पांडा जस्ता जंगली जानवरहरुको सफलतापूर्वक कृत्रिम प्रजनन गरेको छ। हालैमा मुख्यमंत्री ममता बनर्जीले दार्जिलिंगमा एक सरकारी कार्यक्रमको अवधि हिम चितुवाको बच्चाको नाम चार्मिंग अनि अर्कोको नाम डार्लिंग राख्नु भएको थियो।

****** ० ******

**बस दुर्घटना**

सिलगढ़ीबाट गान्तोक आइरहेको एउटा निजी बस रम्फू पुल नजिक दुर्घटनामा परेको छ। दुर्घटनामा धेरै जना घाइते भएको जानकारी प्राप्त भएको छ। दुर्घटनामा परेर चारभन्दा अधिक यात्रीहरुको मृत्यु भएको समाचार प्राप्त भएको छ।जानकारी अनुसारए बस सिलगढ़ीबाट गान्तोक आउने क्रममा रम्फू नजिक राष्ट्रिय राजमार्ग १० बाट झरेर तल टिस्टा नदीको बगरमा पुगेको छ। सामाजिक सञ्जालहरूमा दुर्घटनाग्रस्त बस र घाइते मानिसहरूको फोटो भाइरल भइरहेको छ। दुर्घटनाको कारण थाहा लागेको छैन। दुर्घटनामा कतिजना घाइते भए र कतिजनाको मृत्यु भयो भन्ने कुराको आधिकारिक रूपमा पुष्टि हुन सकेको छैन। घटनाको सम्बन्धमा थप विवरण आउन बांकी छ।

****** ० ******